# २ गुमिएको प्रभुसत्ता वा स्वामित्वको पुनर्स्थापना

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति १:२६-२८, भजन ८:३-८, उत्पत्ति २:१५, रोमी ८:२०-२२, प्रस्थान २०:१-१७, रोमी १:२५ र २ थेस्सोलिनिकी ३:१०।

***यस अध्यायको स्मरण गर्नुपर्ने पद:*** "अनि परमेश्वरले भन्नुभयो, 'लौ हामीले हामीहरूकै स्वरुपमा मानिसलाई बनाऔं। तिनीहरूले पानीका माछाहरू र आकाशका चराहरूमाथि शासन गरुन्। सारा संसारका पशुहरूमाथि तिनीहरूले आफ्नो आधिपत्य जमाउन्। जमिनमा हिंड्ने सबै जीवजीवातहरू तिनीहरूको नियन्त्रण रहुन्।'" (उत्पत्ति १:२६ रूपान्तरित)।

यो खेदपूर्ण कुरो हो कि परमेश्वरको स्वरुपमा सृष्टि भएको हामीहरूको प्रथम् पितामाताले पापले गर्दा त्यो स्वरुप गुमाउनु पऱ्यो।

**" पापले गर्दा दुवै मानिस र पृथ्वी शैतानको स्वामित्वमा रहनुपऱ्यो। तर मुक्तिको योजनामार्फत मानिसले गुमाएको अधिकार फिर्ता पाउने भएको छ। यस पृथ्वीमाथि अधिकार जमाउन आदमलाई सृष्टिको सुरूमा खटाइएको थियो। जब उनी पापमा फसे तब उनी शैतानको शक्तिमुनी रहनुपरेको थियो। तब पृथ्वीमाथिको स्वामित्व आदमबाट शैतानमा सऱ्यो। त्यसरी शैतान यस संसारको भगवान हुन पुग्यो। आदममा रहेको संसारको स्वामित्व शैतानले खोसेर लिएको थियो। तर आफ्नो बलिदानद्वारा ख्रीष्टले पापको मोल तिरिदिनुभयो। आदमले गुमाएका अधिकारलाई फिर्ता लिन र मानिसलाई उद्धार वा मुक्ति दिन येशूले कदम चाल्नुभएको थियो। प्रथम् आदमबाट गुमाएका सबै थोकहरू दोस्रो आदम वा येशूले पुनः फिर्ता लिनुहुनेछ।"-एलेन जी ह्वाइट, साइन अभ द टाइमस्, नभेम्बर ४, १९०८बाट रूपान्तरित।**

पतनपछि मानिसले धेरै थोकहरू गुमाउनु परेको थियो। त्यसमा, पृथ्वी र त्यसमाथि भएका यावत थोकहरूमाथि जमाउने आफ्नो प्रभुत्व पनि हामीहरूले गुमाउन पुग्यौं।

हामीले प्रभुत्व जमाउने अधिकार के थियो त जुन् मानिसले गुमाउनु पऱ्यो? मानव जातलाई यस संसारमा शासन गर्ने अधिकार दिएको भन्दा त्यसको

अर्थ के हो? अनि हामीहरूको प्रथम् पूर्खाले अदनको बगैंचामा गुमाएका केही थोकहरू मानिसहरूले फिर्ता पाउन चर्चले कसरी सहयोग गर्न सक्छ?

## १. संसार र त्यसमा भएका थोकहरूमाथि आधिपत्य जमाउन सृष्टि गरिएको (यशैया ४३:६,७)

एक दिन एक जना नास्तिक वा परमेश्वरको अस्तित्वलाई स्वीकार नगर्ने व्यक्ति अचानक राती ब्युँझेर धेरै प्रश्नहरूमाथि चिन्तित हुन पुगेको थियो: के यो संसार वैज्ञानिक भनाउँदाहरूले दावी गरेको अनुसार अचानक कुनै थोक बिस्फोट भएर सृष्टि भएको हो त? हामीहरूको जीवन र यस जगतको सृष्टि के कुनै योजनाबिना सृष्टि भएको हो त? यस संसारमा हाम्रो जीवनको लक्ष्य के केही छैन हो त? यस जगतको सृष्टिको महान् लक्ष्य के हो? यस संसारमा मेरो जीवनको अस्तित्वको लक्ष्य के हो? मेरो जीवनको अर्थ के हो?

हो, पतनपछि मानिस जातिले धेरै थोक गुमाउनु पुगेको थियो। हामी परमेश्वरबाट मात्र होइन, एक आपसबाट पनि अलगिन पुग्यौं। यस पृथ्वीमाथि हुनुपर्ने हामीहरूको सम्बन्धमा पनि परिवर्तन भएको थियो। हामीहरू को हौं र यस संसारमा हामीहरू जिउनुको औचित्य के छ भन्ने विषयवस्तुहरूप्रति हामीहरूले संग्राम गर्नुपरिरहेकाछौं। हामीहरूको समस्या अझ झन जटिल हुन जान्छ जब हामी यो विश्वास गर्न पुग्छौं कि हामीहरू अचानक त्यसै सृष्टि भएका हौं र सृष्टिकर्ताको हातबाट हामी कुनै योजना र लक्ष्य बिना यस संसारमा जन्मिन पुगेका छौं।

यस संसारमा हामी सारा मानिसहरू जन्मिनुको उद्देष्य के हो? परमेश्वरको महिमाको निम्ति र हामीहरूको स्वामित्वमा गुमाएको थोक त्यो परमेश्वरको महिमासँग के सम्बन्ध छ? हेर्नुहोस् देहायका पदहरू: उत्पत्ति १:२६-२८ "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा

पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।", भजन ८:३-८ "३ जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, ४ मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? ५ तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानोबनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। ६ आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ– ७ सबै भेड़ाबाख्रा र गाई-गोरु र वनका सबै पशुहरू, ८ आकाशका पक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्र पौड़ने सबै जन्तुहरू।" र यशैया ४३:६,७ "६ म उत्तर दिशालाई भन्नेछु, 'तिनीहरूलाई दिइहाल्'। र दक्षिण दिशालाई भन्नेछु, 'तिनीहरूलाई नथुन्'। मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, ७ हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ।"

उत्पत्तिमा उल्लेखित पदहरूको अनुसार परमेश्वरले आदम र हव्वालाई जुनसुकै कारणको निम्ति सृष्टि गर्नुभएतापनि यस पृथ्वीमा तिनीहरूले प्रभुत्व जमाउन् भन्ने उद्देश्यलाई मध्ये नजरमा राखेर नै परमेश्वरले तिनीहरूलाई सृष्टि गर्नुभएको थियो। परमेश्वरको स्वभाव, महिमा, चरित्रलाई व्यवहारबाट देखाएर आदम र हव्वा उहाँको सेवक भएर यस पृथ्वीमा चल्नु परेको थियो। तिनीहरूकै मातहतद्वारा परमेश्वरले पृथ्वीका सम्पूर्ण सृष्टिको हेरचाहा गर्नुहुने थियो र व्यवस्थित ढँगले यस संसारलाई चलाउनुहुनेथियो। पाप आउनुभन्दा अगाडि आदम र हव्वामाथि र तिनीहरूको स्वामित्वमा रहेका यावत थोकहरूमाथि परमेश्वरको महिमा कसरी देखाइएको थियो सो हामी पापी मानिसको निम्ति अकल्पनीय कुरो हो।

अब हामी येशूमाथि विश्वास तथा आस्था राखेर विश्वासैबाट हामीहरूको जीवन परमेश्वरमा समर्पण गर्न सक्छौं, उहाँका वचनहरू पालन गर्न सक्छौं र उहाँको काममा हामी उहाँसँग सहभागी हुनसक्छौं। अनि राजा दाउदले जस्तै हामी पनि यो भन्न सक्दछौंः "उहाँको उद्देष्य मेरो जीवनमा उहाँले नै सम्पन्न गर्नुहुनेछ" (भजन १३८:८ रूपान्तरित)। जब हामी प्रत्येकको निम्ति परमेश्वरको लक्ष्य छ भनेर हामी स्वीकार्न पुग्छौं तब हामी उहाँमा भरोसा राख्दै खुशी आनन्द मनाउने सही र असल कारण हामीमा

उब्जिन सक्दछ। बिशेष गरेर यदि हामीहरूले हामीहरूको जीवन उहाँमा समर्पण गऱ्यौं भने उहाँको इच्छा हामीमा पूरा हुने सुनिश्चित छ।

**यदि कसैले तपाईंलाई यो सोध्यो भने तपाईं के भन्नुहुन्छः तपाईं इसाई भएको हैशियतले तपाईंको जीवनको लक्ष्य के हो?" त्यसको जवाफ तपाईंले कसरी दिनुहुन्छ?**

## २. प्रभुत्व जमाउने अधिकार (उत्पत्ति १:२६-२८)

उत्पत्ति १:२६-२८ अनुसार मानव जातिले कसमाथि अधिकार जमाउनुपर्थ्यो वा कसलाई बशमा राख्नुपर्थ्यो? हेर्नुहोस् "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"

**अधिकार जमाउने भन्ने शब्द अङ्ग्रेजीमा डोमिनयन (dominion) भनिन्छ। त्यो शब्द हिब्रू क्रियापदको राडाह् (radah) भन्नेबाट आएको हो। शासन गर्ने र जिम्मेवार लिने अधिकार भएको त्यस शब्दले जनाउँछ। त्यसले अधिकार र शक्तिको तहलाई देखाउँछ। मानव जात बाँकि प्राकृतिक सृष्टिको तहभन्दा माथि राखिएको छ। पुरानो करारको बाँकि अंशहरूमा प्रयोग गरिएको राडह भन्ने शब्द कस्तो खालको अधिकार जमाउने भनेर खुलाइएको छैन। त्यो अधिकार असलको निम्ति हो कि खराबको निम्ति हो सो प्रस्ट पारिएको छैन। तर पाप आउनुभन्दा अगाडि जुन परिस्थितिमा त्यो शब्द प्रयोग गरिएको छ त्यसले दयालु र उदारबादी उद्देष्यकोसाथ शासन वा अधिकार जमाउने भनेर देखाउँछ।**

**त्यस परिप्रेक्ष्यमा उत्पत्ति १:२८को वाक्यमा संसारको यावत थोकलाई नियन्त्रण गर्न मानिसलाई खटाइएको भनेर बुझ्नुपर्छ। अङ्ग्रेजीमा सबड्यु (subdue) भन्ने शब्द हिब्रू भाषाको काभाश (kavash)बाट आइएको हो।**

त्यसले मानिसलाई यस पृथ्वीको माथिल्लो तहमा राखेर कस्तो शक्ति सम्पन्न गराइएको भनेर बुझाउँछ। पुरानो करारको अरू ठाउँमा काभाश भन्ने राडाह भन्ने शब्दभन्दा कडा गरि प्रयोग गरिएको पाइन्छ। अरूमाथि बलजफ्ति गरेर वा अरूलाई हराएर नियन्त्रण गर्नु भनेर त्यस शब्द काभाशले बताएको पाइएको छ (गन्ती ३२:२२,२९, यर्मिया ३४:११,१६, एस्थर ७:८, नेहमिया ५:५)। धेरै जसो समयमा मानिसहरूले अधिकार पायो भन्दैमा त्यसलाई दुरुपयोग गरिएको पाइएको छ। त्यसप्रति परमेश्वर दुःखित वा नाराज हुनुहुन्छ। फेरि हामीले पापरहित अवस्थामा रहेको दम्पत्ति (आदम र हव्वा)लाई सम्झन्छौं तिनीहरूलाई यस पृथ्वीलाई सम्हाल्न जिम्मेवारी दिएको भनेर सोच्नुपर्छ। सृष्टिकर्ताको खातिर तिनीहरूले यस पृथ्वीमाथि शदाशयता अपनाएर, दयापूर्वक र उदारतासाथ नियन्त्रण गरेको चित्रण हामीले गर्द सक्छौं। तर स्वार्थपूर्तीको निम्ति, अनुचित तरिकाले र दुर्व्यवहार गरि प्रकृति तथा त्यसमा रहेको जीवजीवातहरूलाई नियन्त्रण गर्ने भनिएको छैन। यदि त्यसो गरिएमा यस पृथ्वी र त्यसमा भएका जीवहरूलाई चोट पुग्ने निश्चित छ।

नियन्त्रण गर्नु वा बशमा राख्नु भन्ने थप जानकारी उत्पत्ति २:१५ले देखाउँछ। परमेश्वरले आदमलाई बगैंचामा राख्नुभयो किन भन्दा त्यसलाई जतनसाथ काम गरेर पोषण गर्न (**abad-to**सेवा गर्न, खनजोत गर्न) र सुरक्षित राख्न (**shamar-**चिमेल्न, सुरक्षा गर्न, हेरबिचार गर्न, त्यसमा भएका थोकहरूको अध्ययन गर्न र बचाइ राख्न)को लागि हो।

यसलाई दिमाग राखेर यो सोच्नु पर्छ कि कसैमाथि शासन गर्नु भनेको त्यसलाई दमन गर्ने नभएर जतनसाथ स्याहार्ने र प्रेम देखाएर त्यसलाई व्यवस्थित गर्ने वा त्यसको कुशल भन्डारे हुनु हो। परमेश्वरसँगको मिलोमत्तोमा हामीहरूको प्रथम् पूर्खा आदम र हव्वालाई यस पृथ्वीलाई बशमा राख्न सबै औजार उपलब्ध गराइएको र स्वस्थपूर्वक अधिकार जमाउन अख्तियार प्रदान गरिएको थियो। त्यस खालको मायालु तरिकाले कसैमाथि बशमा राख्नु भनेको परमेश्वरको सृष्टिमा उहाँको प्रेम झल्काउनु हो।

कसैलाई बशमा राख्नु वा नियन्त्रणमा राख्नु भनेको बर्तमान परिप्रेक्ष्यमा प्रायजसो नकारात्मक अर्थ भएको पाइन्छ। तर बाइबलमा सुरूमा गरिएको अर्थले त्यो बुझाउँदैन। त्यस शब्दलाई उचित रूपमा प्रयोग गर्न मानिसले पाप गर्नुभन्दा पहिले त्यसलाई कसरी प्रयोग गरिएको थियो भनेर किन नसम्झिने? त्यही निति हामीले अपनाएर हामीले पनि कसैमाथि अधिकार

जमाउनुको अर्थ दमन गर्नु नभएर सेवा गरेर सम्हाल्ने भन्ने निति किन नअपनाउने?

## ३. सिमित अधिकार (प्रस्थान् २०:१-१७)

**सारा संसारमा अधिकार जमाउ वा सारा संसारलाई नियन्त्रणमा राख भन्दैमा हामीले गर्ने नियन्त्रणको सिमाना छैन र? संसारलाई सम्हाल्ने वा संसारमाथि आधिपत्य जमाउने मानिसलाई जिम्मा दिइयो भन्दैमा अधिकारको सिमाना तोकिएको छैन भनेर बाइबलले भन्दैन। कार्यान्वनको सिलसिलामा जुनसुकै अधिकारको पनि सिमाना हुन्छ।**

**उदाहरणमा, अरू सबै रूखहरूको फल खाएतापनि असल र खराब गर्ने रूखको फल खानुहुँदैन भनेर परमेश्वरले मानिलाई दिइएको अधिकारको सिमाना तोक्नुभएको थियो (उत्पत्ति २:१५-१७)। त्यसकारण प्रथम् पाप त असल भन्डारेपन वा आफूले पाएको जिम्मेवारीलाई कसरी सम्हाल्नेसँग सम्बधित थियो। त्यसकारण, परमेश्वरले तोक्नुभएको सिमानालाई आदम र हव्वाले मिचेका थिए। परमेश्वरले तोकिएको सिमानालाई मानिसहरूले मिच्दा सारा सृष्टिले अहिले पनि कष्ट भोगिरहेका छन् (रोमी ८:२०-२२ हेर्नुहोस्)।**

सारा मानिस जातिलाई परमेश्वरको व्यवस्थाद्वारा तिनीहरूले गर्ने कामकार्वाहीमा सिमानाहरू तोकिदिएका छन्। कसैमाथि प्रभुत्व जमाउने नाउँमा कसैलाई दमन गर्नुहुन्न बरू आफूहरू परमेश्वरले तोक्नुभएको सिमानाभित्र रहेर चल्नुपर्छ भनेर परमेश्वरको दश आज्ञाहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्: प्रस्थान २०:१-१७ "१ अनि यी सब कुरा परमेश्वरले भन्नुभयो: २ "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ। ३ "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू।

४ "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ५ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, ६ तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु। ७ "परमप्रभु आफ्ना परमेश्वरको

नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन। ८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू।

९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो। १२ "आफ्ना बाबु र आमालाई आदर गर, कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस्। १३ "हत्या नगर्नू। १४ "व्यभिचार नगर्नू। १५ "चोरी नगर्नू। १६ "आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू। १७ "आफ्नो छिमेकीका घरको लालच नगर्नू। आफ्नो छिमेकीकी पत्नीको लालच नगर्नू, आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू।"

**मानव इतिहासभरि कतिपय बलिया मानिसहरूलाई शैतानले आफ्नो कब्जामा पारिरहेको पाइएकोछ, जसको फलस्वरुप तिनीहरू आफ्नो अधिकारभन्दा बाहिर गएर मानिसहरूलाई अत्याचारपूर्वक शासन गर्दछन्। उदाहरणमा, प्रस्थान् १-१४मा उल्लेखित फारो राजा थिए भने मत्ती २को राजा हेरोद। दुर्भाग्यवस शैतानको त्यो चर्तिकला संसारको अन्तसम्म जारिरहनेछ। अत्याचारले प्रेरित भएका ती मानिसहरू शैतानको बाटोमा हिँडिरहेका हुन्छन् जो यस संसारलाई जबरजस्ती आफ्नो कब्जामा लिएर आफूलाई यस संसारको राजकुमार भनेर सम्बोधन गर्न रुचाउँछ (यूहन्ना १२ः३१)। अरूमाथि अधिकार जमाउनेको नाउँमा दमन गर्ने निति कतिपय बलिया मानिसहरूले लिएका हुन्छन्।**

**फेरि त्यसैबखत संसारमा यस्ता मानिसहरू छन् जसले नियन्त्रण गर्नुपर्ने थोकहरूलाई नियन्त्रण गर्न अस्वीकार गरेको पाइएको छ (मत्ती २५:१४-३०, लूका १९:१२-२७)। जुन तहमा अधिकार जमाउने अधिकार परमेश्वरले मानिसलाई दिनुभएको थियो त्यो पापले गर्दा उसले गुमाउनु परेको थियो। तर पाप आयो भन्दैमा सुरूदेखि पाएका सबैमाथि गरिने अधिकार खत्तम भएको थिएन। हामीहरूले बहन गर्ने बर्तमान जिम्मेवारीमा धेरै अधिकारहरू छन् जो**

सिमानामा रहेर भएपनि उपलब्ध भइरहेको छ। उदाहरणमा हामीहरूको व्यक्तिगत जीवनमा हामीले आत्मसंयम वा आत्मनियन्त्रण गर्ने अधिकार कायमै छ (१ कोरन्थी ९:२५-२७, गलाती ५:२२,२३)। र साथै यस पृथ्वी र यसमा रहेका जन्तुजनावरहरू र यावत थोकहरू जुन् परमेश्वरले दिनुभएको छ त्यसलाई सम्हाल्न र हेरचाह गर्ने अभिभारा अझसम्म कायमै छ (याकूब १:१७, मत्ती २५:१४-३०)। हामी येशूभक्त भएको हैशियतले सिमानाभित्र रहेर हामीहरूले नियन्त्रण गर्नुपर्ने कुराहरूलाई जान्न आवश्यक छ। अनि ती सिमानाभित्र रहेर हामीमा आएका सबै थोकहरूलाई व्यवस्थित ढँगले स्याहार, सम्भार गर्नु आवश्यक छ भनेर हामीहरूले बुझ्नुपर्दछ।

तपाईंको परिवार, साथीभाईहरू तथा सहकर्मीहरूसँग हुने सम्बन्धमा आदर देखाएर तपाईं कुन् कुन् सिमानाभित्र रहनु आवश्यक छ भनेर महसुस गर्नुभएको छ? कुन् नीति अपनाएर ती सिमानाहरूप्रति संवदेनशील हुने? हेर्नुहोस, मत्ती ७:१,१२।

## ४. यस संसार तथा यसका वातावरणहरूको हेरचाह गर्ने जिम्मेवारी (उत्पत्ति २:१५)

यस पृथ्वीलाई हामीहरूले कसरी स्याहार्नुपर्छ भनेर उत्पत्ति २:१५को नितिले कसरी बताउँछ? हेर्नुहोस्: " परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो।" (उत्पत्ति १:२८ पनि पढ्नुहोस्)।

यस पृथ्वी र त्यसमा भएका यावत थोकहरूको स्याहार गर्ने जिम्मेवारी परमेश्वरले आदम र हव्वालाई दिनुभएको थियो। त्यसको अर्थ बोटबिरुवा र पशुपंछी तथा माछाहरूमाथि तिनीहरूको हालिमुहाली थियो। तर पापपछि सारा प्रकृति हामीहरूको प्रथम् पूर्खाको बिरुद्धमा लागेको देखिन थालेको थियो जसरी तिनीहरूले परमेश्वरको बिरुद्धमा लागेका थिए। पृथ्वीका तत्वहरूलाई बशमा राख्न आफूहरू निरिह वा असहाय भएको मानव जगतले महसुस गर्न थालिएको थियो। ती तत्वहरूमा मौसम, जमिन वा पृथ्वी र जिवजिवातहरू थिए।

"होचो जनावरहरूमा आदम राजा जस्तो भएर खडा भएका थिए। जब सम्म उनी परमेश्वरप्रति बफादार भएर बसे तबसम्म सारा सृष्टिले उनको शासनलाई स्वीकारेका थिए। जब उनी पापमा फसे तब सृष्टिमाथि उनको प्रभुत्व उनले गुमाए। परमेश्वरप्रति बिद्रोही भावना जुन यस संसारमा उनले आउन दियो

त्यो जनावरहरूको सृष्टिभरी पनि फैलियो। त्यसकारण मानिसको जीवनले, पशुहरूको स्वभावले, जङ्गलमा भएका रुखहरूले, जमिनका घाँसहरूले र उनले सास फेर्ने हावाले खराबको ज्ञान आदि सबैले कस्तो दुःखद पाठ मानिसले सिक्नुपर्‍यो भनेर देखाएका थिए।"-एलेन जी ह्वाइट, एडुकेशन, पृ. २६,२७बाट रूपान्तरित।

अदनमा भएको पतनले गर्दा आज पनि हामीले अनेकौं प्राकृतिक प्रकोपहरूले हामीलाई पिरोलीरहेको छ। तिनीहरूमा बाढीपहिरो, भुकम्म, हुरीबतास सुनामी आदि हुन्। धेरै देशहरूमा मानिसले सास फेर्ने हावा र जमिन पनि भयङ्कर प्रदुषणले फोहर बनाइरहेकाछन्। हामीहरूको जीवनलाई सुविधायुक्त बनाउन र सुरक्षित राख्न बिभिन्न विज्ञान प्रविधि तथा उद्योगरू संचालन गर्न धेरै प्रयास गर्दछौं। निःसन्देह, ती विज्ञान प्रविधि र उद्योगहरूले हामीलाई धेरै सहयोग पुर्‍याएको छ। तर मानिसहरूलाई सुविधायुक्त बनिएको ती प्रविधिहरूले हामीहरूको पृथ्वी ग्रहलाई नाश पनि गरिरहेका छन्।

त्यसकारण आजको संसारमा वातावरण र पर्यावरण अत्यन्त महत्त्वपूर्ण बिषयबस्तु हुनगएको छ किनकि त्यसैले कसैलाई सुविधा दिन्छ भने त्यसबाट हुन आएको दुर्व्यवहारले अरूलाई हानी पनि पुर्‍याइरहेको हुन्छ। **"सरल र स्वस्थकर जीवनशैलीलाई सेभेन्थ-डे एडभेन्टिस्टले समर्थन गर्दछ। आफूहरूलाई मोजमज्जा र रमाइलो गराउन र हामीहरूकै हितको निम्ति हो भनेर विभिन्न सेवा र सामनाहरूमा धेरै पैसा खर्च गर्ने बानीमा हामी विश्वास गर्दैनौं। यस संसारलाई प्रदुषित बनाउने अधिकार हामी छ भनेर पनि हामी विश्वास गर्दैनौं। यस संसारमा भएका विभिन्न स्रोतहरूलाई बुद्धिमतापुर्वक प्रयोग गर्न सबै जीवनलाई सम्मान गर्न हामी आह्वान गर्दछौं।"-वातावरणको विषयमा लिएर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले निकालेको आधिकारिक वक्तव्य, १९९५।**

यस पृथ्वीप्रति हामीहरूले संतुलित धारणा कसरी राख्ने? यस पृथ्वीको स्वामित्व हामीलाई दिएको हुनाले र यसलाई संभार, संरक्षण गर्ने अभिभारा हामीलाई सुम्पिएको हुनाले त्यो जिम्मेवारी कसरी उचितरूपमा वहन गर्ने? फेरि त्यसैबखत प्रकृतिको संरक्षणमा मात्र तातेर हामीहरूको आत्मिक तत्वहरूलाई नपन्छाउन हामी कसरी सजग हुने? रोमी १:२५को ज्ञानले हामीलाई के सिकाउँछ? हेर्नुहोस्: "किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे।"

## ५. गुमिएको प्रभुत्वलाई पुनर्वहाली गरिने (व्यवस्था १५:७-१२)

पापले गर्दा हामी मानिसहरूले धेरै थोकहरू गुमाउनु परेको थियो। यथार्थमा भन्ने हो भने पृथ्वी र त्यसमा भएका सबै थोकहरूलाई बशमा राख्ने खालका अधिकार हामीहरूका प्रथम् पूर्खा आदम र हव्वाले पाएका थिए त्यो गुमाइएको छ। जुन् हामीले गुमाएका थियौं सो पुनर्वहाली गर्न येशू ख्रीष्ट यस संसारमा आउनुभएको थियो।

त्यसकारण येशू ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो सो थाहा पाएर नै त्यो थाहा वा आत्मज्ञान अरूलाई पनि सुनाउन् भनेर उहाँले हामीलाई आह्वान गर्नुभएको छ। अदनको बगैंचामा हामीले गुमाएका मुक्ति र प्रभुत्व ख्रीष्टबाट पुनर्बहाली गर्नु भएको छ भन्ने सन्देश सबैलाई थाहा दिन हामीले सहयोग गर्नुपर्छ। बर्तमान संसारमा धेरै मानिसहरू आफ्नै आवश्यकता र भुमरीमा हराइरहेका हुनाले तिनीहरूकहाँ राहत पुऱ्याउन हामीले धेरै धेरै कामहरू गर्नुपरेको छ। आवश्यक परेकाहरूको सेवा गरेर तिनीहरूलाई नयाँ जीवन दिन र तिनीहरूले गुमाएको परमेश्वरको असली स्वभावलाई फिर्तागराउने अभियानमा अग्रसर गराउन परमेश्वरले हामीलाई प्रयोग गर्न सक्नुहुन्छ।

पापले गर्दा गुमाउनु परेको केही अधिकारहरू फेरि पुनर्वहाली गर्न अरूलाई कसरी सघाउन सकिन्छ भनेर देहायका पदहरूले केही सुझावहरू दिएका छन्ः व्यवस्था १५:४-१२ "४ मैले आज आदेश दिएका परमप्रभु तिमीहरूका परमेश्वरको वचन तिमीहरूले होशियारीसाथ पालन गऱ्यौ भने, तिमीहरूमा कोही गरीब हुनेछैन, ५ किनभने तिमीहरूको अधिकारमा दिनुहुने देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई प्रशस्त आशिष् दिनुहुनेछ। ६ आफ्नो प्रतिज्ञाअनुसार परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुहुनेछ, र तिमीहरूले अनेक जातिलाई कर्जा दिनेछौ, तर तिमीहरूले चाहिँ कर्जा लिनुपर्नेछैन। तिमीहरूले धेरै जातिलाई शासन गर्नेछौ, तर उनीहरूले तिमीहरूमाथि शासन गर्नेछैनन्। ७ यदि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुहुने देशको कुनै नगरमा कुनै दाजुभाइ गरीब छ भने, तिमीले त्यस गरीब भाइप्रति निष्ठुर भएर आफ्नो मुट्ठी नबाँध्नू। ८ बरु आफ्नो मुट्ठी खोलेर त्यसको खाँचोअनुसार जे-जति चाहिन्छ सापट दिनू। ९ होशियार! कसैले कर्जा-माफीको साल आउनै लाग्यो भन्ने कुभावना मनमा राखेर आफ्नो गरीब दाजुभाइलाई गोहार गर्न इन्कार गऱ्यो, भने त्यस गरीबले

परमप्रभुकहाँ तिम्रो विरुद्ध आवाज उठाउनेछ, र तिमीलाई पापको दोष लाग्नेछ। १० तिमीहरूले त्यसलाई निस्सङ्कोच दिनू, त्यसलाई दिँदा तिमीहरूको मनमा कष्ट नहोस्, किनकि यही कारणले नै परमप्रभु तिमीहरूका परमेश्वरले सबै काममा र तिमीहरूले हात हाल्ने हरेक कुरामा तिमीहरूलाई आशिष् दिनुहुनेछ। ११ देशमा गरीब सधैं हुनेछन्। यसकारण म तिमीहरूलाई आज्ञा दिँदैछु, आफ्ना भाइबन्धु र आफ्नो देशमा भएका गरीब र दरिद्र हुनेहरूलाई उदार-चित्तले दिनू। १२ यदि तिमीहरूको कोही यहूदी भाइ-बहिनी तिमीहरूको हातमा आफैलाई बेच्छ, त्यसले छ वर्ष तिमीहरूको सेवा गर्यो भने, सातौं वर्ष त्यसलाई मुक्त भएर जान दिनू।", लूका १४:१२-१४ "१२ अनि उहाँलाई निम्तो दिनेलाई पनि उहाँले भन्नुभयो, "तिमीले बिहान अथवा बेलुकीको भोज लगाउँदा, आफ्ना मित्रहरूलाई, आफ्ना दाजुभाइलाई वा तिम्रा कुटुम्बहरूलाई वा धनी छिमेकीहरूलाई निम्तो नदेऊ, नत्रता तिनीहरूले पनि साटोमा तिमीलाई निम्तो दिएर तिम्रो गुण फर्काइदिनेछन्। १३ तर तिमीले भोज लगाउँदा, गरीब, लुला, लङ्गड़ा, अन्धाहरूलाई बोलाऊ, १४ र तिमीले आशिष् पाउनेछौ, किनकि तिनीहरूले तिम्रो गुण फर्काउन सक्दैनन्। तर मृत्युबाट धर्मीहरूको पुनरुत्थान हुँदा तिमीले यसको प्रतिफल पाउनेछौ।", १ पत्रुस ३:१५ "तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर।", यशैया ५८:७ "आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? " र २ थेस्सोलिनिकी ३:१० "तिमीहरूका साथमा हुँदा हामीले तिमीहरूलाई यो आज्ञा दिएका थियौं, "कसैले काम गर्दैन भने त्यसले नखाओस्।"

**हामी चर्च भएको हैशियतले आवश्यक भएकाहरूलाई सहयोग गर्न धेरै कामहरू गर्न सक्दछौं। कतिपयसमयमा कसैलाई केवल खाना, लुगाफाटा र बस्ने ठाउँहरू दिएर मानिसहरूलाई सहयोग गर्न सक्दछौं। राहत दिनु आवश्यकता छ। तर मानिसहरूको जीवनमा चाहिने अधिकारलाई पुनर्बहाली प्राप्त गर्नको निम्ति सहायता गर्न त्यो भन्दा अझ केही वढीको आवश्यकता पर्छ।**

**हो, हामीले येशूलाई विश्वास किन गर्‍यौं कसैले सोध्यो भने त्यसको जवाफ हामीले चित्तबुझ्दो तरिकाले दिन सक्नुपर्छ। तर तिनीहरूको भौतिक**

आवश्यकताहरूप्रति पनि संवदेनशील हुनुपर्छ ताकि तिनीहरूको जीवनको उत्थान होस्।

प्रत्येक परिस्थिति बेग्लै हुन्छ। प्रत्येक व्यक्तिको आवश्यकता फरक हुन्छ। तर हामी हामी रहेको समाजको ज्योति बन्न, आशा ल्याउन र स्वस्थ बनाउन परमेश्वरले हामीलाई बोलाउनुभएको छ। यस संसारमा हामीले सेवा गरेका उद्धारकर्ता र प्रेमिलो परमेश्वरको निम्ति साक्षी कसरी बन्ने भनेर देखाउन ती कामहरू गरेर देखाउनु हामीहरूको जीवनको अत्यन्त प्रमुख भाग हुनुपर्छ। आवश्यक परेकाहरूलाई आशा दिलाउन हामीले सकेसम्म सबै प्रयास गर्नुपर्छ। येशूभक्त भएर दावी गर्छौं भने हामीहरूको जीवनलाई कमसलमा राख्न दिनुहुन्न। हामीहरूको गरिमालाई घटाएर राख्नुहुन्न अर्थात् हामीहरूको लक्ष्यबाट हामीहरू बिचलित भएर बस्नु हुन्न। जब हामी अरूहरूको सेवा गर्छौं तब परमेश्वर कस्तो हुनुहुन्छ भनेर हामी सिकाइरहेका हुन्छौं। अनि तिनीहरूको भौतिक आवश्यकताहरूको परिपूर्ती गर्दा तिनीहरूको हृदय पनि पवित्र आत्माले काम गर्न दिन खोलाउँछौं। त्यो काम येशूले गर्नुभएको थियो त्यो काम हामीले पनि गर्नुपर्छ।

## उपसंहारः

थप जानकारीः यदि तपाईंको पहुँच भएमा एलेन जी ह्वाइटद्वारा लिखित देहायका पुस्तकका अंशहरू पढ्नुहोसः एडुकेशन पुस्तकको "टेम्परान्स एण्ड डायटिक्स" पृ. २०२-२०६, "डिसिप्लिन" २८७-२९०; काउन्सिलस् अन डायट एण्ड फुडसको पृ. ७३,७४को "निड फर सेल्फ मास्टरी"; काउन्सिल अन स्टबार्डशिप, पृ. १११-११२को "द प्रिन्सिपलस् अभ स्टवार्डशिप" र पृ. ३४८-३५८को "श्यरिङ्ग इन द ज्वाय अभ द रिडिमएइड"।

असाध्य पतन भएको संसारमा हामी पापी भएर बस्नुपर्दा अदनको बगैंचामा मानिसले पाएका के के अधिकारहरू थिए भनेर कल्पना गर्न हामीलाई सजिलो छैन। वर्तमान समयमा यस दुष्ट संसार बाहेक अरू हामीलाई केही थाहा छैन। यदि हामीलाई परमेश्वरको वचनले हामीहरूको सुरु, पाप, मृत्यु र खराब कसरी सुरू भयो र त्यसको अन्त्य हुनेछ भनेर थाहा नदिएको भए खराब कुरा हामीहरूको जीवनको एक भाग हुनै पर्छ भनेर स्वीकार्न वाध्य हुनुपर्थ्यो। तर मानिसको पतनको कथाले यो बताउँछ कि मृत्यु र पाप यस संसारको भाग कहिलै पन नहुनुपर्ने थियो। सारा पृथ्वी र त्यसमा भएका यावत

थोकहरूमाथि आधिपत्य जमाउन आदम र हव्वालाई सुम्पिएको थियो भनेर उत्पत्तिको कथाले हामीलाई बताउँछ। पतनभएको लगत्तै पछि संसारसँगको तिनीहरूको सम्बन्ध परिवर्तन भएको थियो किनकि तिनीहरू आफै परिवर्तन भएका थिए। र त्यसको साथै भौगोलिक संसार पनि परिवर्तन भएको थियो। संसारलाई रमाइलोसँग आफ्नो मुनि राखेर चलाउने एकाधिकार अचानकसँग गुमिएको थियो। त्यसको परिणाम ठूलो र भयङ्कर हुन पुगेको थियो। "काँडा र सिउँदीहरूको उत्पन्न (उत्पत्ति ३:१७,१८), जलप्रलयले ल्याएको यस पृथ्वीको बिखण्डन (उत्पत्ति ७:१२), मरुभूमी र डरलाग्दो जङ्गलहरू र स्वतन्त्राको निम्ति चिच्याउने दु:खद अर्तनाद (रोमी ८:१९-२२) आदि यस संसारमा पापको कारणले ल्याएका हुन् भने केही करुणादायी शाव्दिक चित्रणहरू हुन् जुन् बाइबलले प्रयोग गर्दछ।"-हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी (हागर टाउन, मेरिल्यान्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आशोशियसन), ठेली १२, पृ. २५४बाट रूपान्तरित। मुक्तिको योजनाप्रति हामी कति कृतज्ञ हुनुपर्छ किनकि त्यसद्वारा हामीले गुमाएका सबै थोकको पुनर्वहाली हुनेछ। त्यस योजनाले हामीहरूको भविष्य बिगतको र बर्तमानको भन्दा पनि उज्ज्वल हुनेछ भन्ने प्रतिज्ञा हामीहरूलाई प्रदान गरिएको छ।

**चिन्तनमननः**

अ. बाइबलमा केही उल्लेखनीय पदहरू छन् जुन् झट्ट हेर्दा वातावरणसँग सरोकार देखिएतापनि यथार्थमा छैन। जस्तै प्रस्थान २३:१०-१२ "१० "छ वर्षसम्म आफ्नो जमिनमा बीउ छरेर त्यसको उब्जनी बटुल, ११ तर सातौं वर्षमा चाहिँ त्यसलाई नजोती बाँझै छोड़िदेओ, र त्यसबाट तिमीहरूमध्येका गरीबहरूले खाऊन्। तिनीहरूले उबारेका चाहिँ जङ्गली पशुहरूले खाऊन्। तिमीहरूका दाखबारी र भद्राक्षबारीलाई पनि त्यसै गर। १२ "छ दिनसम्म आफ्नो कामकाज गर र सातौं दिनमा चाहिँ विश्राम लेओ, र तिमीहरूको गोरु, गधा, तिम्रो घरमा जन्मेको नोकरचाकर, र विदेशी पनि ताजा होऊन्।", व्यवस्था ११:११,१२ "११ तर तिमीहरू अधिकार गर्न यर्दन पारि गइरहेको देशचाहिँ डाँड़ा र बेंसीहरूको देश हो, जहाँ आकाशको पानीले जमिन भिजाउँछ। १२ त्यस देशको देखरेख परमप्रभु परमेश्वरले नै गर्नुहुन्छ। सालको सुरुदेखि सालको अन्तसम्मै

परमप्रभु तिमीहरूका परमेश्वरको नजर त्यसमाथि रहिरहन्छ।" र व्यवस्था २०:१९,२० "१९ जब तिमीहरू कुनै सहर लिन त्यसको विरुद्धमा लड़ाइँ गरेर त्यस सहरलाई धेरै दिनसम्म घेरिराख्छौ, तब तिमीहरूले त्यसका रूखहरू नकाट्नू, किनकि तिमीहरूले तिनका फल खान सक्नेछौ। यसकारण ती काटेर नढाल्नू। के जङ्गलका रूखहरू मानिसहरू हुन् र तिमीहरू ती घेरेर नष्ट गर्छौ? २० तर फल दिने रूख होइन रहेछ भनेर थाहा पाएपछि मात्र तिमीहरूले ती रूख ढाल्न सक्छौ। तिमीहरूसित युद्ध गर्ने सहर परास्त नभएसम्म घेरा हाल्ने काममा ती प्रयोग गर्न सक्छौ।" यद्यपि त्यहाँ के नितिहरू छन् जसबाट वातावरणलाई जतन गर्ने जिम्मा हामीमा छ भनेर देखाउँछ? फेरि वातावरणको व्यवस्थापकको नाउँमा त्यसको सिमालाई नाघेर त्यसलाई पूजा गर्ने प्रवृत्तिमा पुगेका छौं भनेर हामीले कसरी थाहा पाउने?

आ. हामीहरूले थाहा पाएको अनुसार बर्तमान प्राकृतिक संसारको बारेमा सोचौं। के त्यो मित्र हो कि शत्रु? त्यसलाई हामीले कसरी केलाउने?

इ. यस संसारमा हामी पनि जन्मिन्छौं र पशु पनि जन्मिन्छ। तर हामीहरूको जीवनको औचित्य के छ? परमेश्वरलाई विश्वास नगर्ने वा उहाँको मुक्तिको योजनालई बिश्वास नगर्ने मानिसको जवाफ र तपाईंको जवाफमा के भिन्नता हुनसक्छ?

ई. आफ्नो मातहतमा राख्नु भनेर परमेश्वरले दिनुभएको सुरूको निर्देशन र अहिलेकोमा के फरक छ? कसैलाई बशमा राख्नु सुरूमा असल थियो भने अहिले त्यसको दुरूपयोग कसरी भइरहेको छ?